# समस्याग्रस्त बैंक तथा वित्तीय संस्था

# रिजोलुसन विनियमावली, २०७१

## नेपाल राष्ट्र बैंक

### केन्द्रीय कार्यालय

## समस्याग्रस्त संस्था रिजोलुसन महाशाखा

## २०७१

# समस्याग्रस्त बैंक तथा वित्तीय संस्था रिजोलुसन विनियमावली, २०७१

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ४ को उप-दफा (१) को खण्ड (ख) तथा (ङ) को उद्देश्य कार्यान्वयन गर्न सोही ऐनको दफा ११० को उप-दफा (२) को खण्ड (ण) ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंकको सञ्चालक समितिले देहायका विनियमहरु बनाएको छ।

**परिच्छेद - १**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यी विनियमहरूको नाम "समस्याग्रस्त बैंक तथा वित्तीय संस्था रिजोलुसन विनियमावली, २०७१" रहेको छ।

(२) यो विनियमावली तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषा :** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियमावलीमा,-

(क) "ऐन" भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ सम्झनु पर्छ।

(ख) "बैंक" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ।

(ग) "समिति" भन्नाले ऐनको दफा १४ बमोजिम गठन भएको बैंकको सञ्चालक समिति सम्झनु पर्छ।

(घ) "गभर्नर" भन्नाले ऐनको दफा १५ बमोजिम नियुक्त बैंकको गभर्नर सम्झनु पर्छ।

(ङ) "डेपुटी गभर्नर" भन्नाले ऐनको दफा १६ बमोजिम नियुक्त बैंकको डेपुटी गभर्नर सम्झनु पर्छ।

(च) "महाशाखा" भन्नाले समस्याग्रस्त संस्था रिजोलुसन महाशाखा सम्झनु पर्छ।

(छ) "महाशाखा प्रमुख" भन्नाले समस्याग्रस्त संस्था रिजोलुसन महाशाखाको प्रमुखलाई सम्झनु पर्छ।

(ज) "नियमन" भन्नाले ऐनले दिएको अधिकार प्रयोग गरी बैंकले जारी गरेको नियमन, आदेश, निर्देशन, कार्यविधि, मार्गदर्शन सम्झनु पर्छ।

(झ) "संस्था" भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम वित्तीय कारोवार गर्ने इजाजतपत्र प्राप्त गरी कारोवार गरिरहेका "क" "ख" "ग" र "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था सम्झनु पर्छ ।

(ञ) "समस्याग्रस्त बैक तथा वित्तीय संस्था" भन्नाले ऐनको दफा ८६ख. बमोजिम बैंकबाट समस्याग्रस्त घोषणा गरिएको बैंक तथा वित्तीय संस्था सम्झनु पर्छ।

(ट) "निरीक्षक" भन्नाले बैंक वा वित्तीय संस्थाको स्थलगत निरीक्षणको लागि महाशाखाबाट खटाएको टोलीका सदस्य सम्झनु पर्छ र सो शब्दले विशेष वा आकस्मिक निरीक्षण कार्यको लागि खटाइएका प्रतिनिधि, विशेषज्ञ वा परामर्शदाता व्यक्ति/संस्था समेतलाई जनाउँछ।

(ठ) "सुपरिवेक्षक" भन्नाले गैर-स्थलगत सुपरिवेक्षण कार्यमा संलग्न महाशाखाका कर्मचारी सम्झनु पर्छ। सो शव्दले निरीक्षण, अनुगमन गर्ने वा निर्देशन दिने अधिकारी समेतलाई जनाउंछ।

(ड) "रिजोलुसन" भन्नाले बैंक वा वित्तीय संस्था सुधार वा निकासको लागि बैंक र सम्वन्धित संस्थाका पदाधिकारीहरुवाट अवलम्वन गरिएका विभिन्न सुधारात्मक, उपचारात्मक तथा अन्य प्रकारका उपाय, विधि, प्रकृया वा क्रियाकलापलाई सम्झनु पर्छ।

(ढ) "नियुक्त अधिकारी" भन्नाले समस्याग्रस्त बैक तथा वित्तीय संस्था सुधार गर्न बैंकबाट नियुक्त गरिएको व्यक्ति, समूह, फर्म, कम्पनी, संस्था सम्झनु पर्छ र सो शव्दले बैंकको तर्फवाट व्यवस्थापन करार वा अन्य कुनै माध्यमबाट बैंक वा वित्तीय संस्था सुधारको लागि खटाइएको कुनै अधिकारी वा व्यवस्थापन समूह समेतलाई जनाउनेछ।

(ण) "धितोपत्र" भन्नाले संगठित संस्थाले जारी गरेको शेयर, स्टक, बण्ड, डिवेञ्चर, डिवेञ्चर स्टक वा सामूहिक लगानी योजना सम्बन्धी प्रमाणपत्र, बैंक वा नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानतमा संगठित संस्थाले जारी गरेको ऋणपत्र, बचतपत्र वा बण्ड सम्झनु पर्छ र सो शब्दले धितोपत्र बजार मार्फत कारोबार हुन सक्ने वा हस्तान्तरण हुन सक्ने भनी नेपाल धितोपत्र बोर्डले तोकिदिएको अन्य धितोपत्र वा त्यस्तो धितोपत्र खरिद, बिक्री वा विनिमय गर्न सक्ने अधिकारपत्र समेतलाई जनाउँछ।

(त) "कार्ययोजना" भन्नाले महाशाखाले आगामी आर्थिक वर्षमा सम्पादन गर्ने कार्यहरुको समयावधि सहितको योजना सम्झनु पर्छ।

(थ) “रिजोलुसन कार्ययोजना” भन्नाले बैंकले आफै वा सम्बन्धित पक्षसंग समन्वय गरी गर्नु पर्ने सुधार सम्वन्धमा तयार गरेको उपचारात्मक, सुधारात्मक कृयाकलाप वा कार्य विवरणलाई सम्झनु पर्छ ।

(द) “वित्तीय फरफारक अधिकारी” भन्नाले संस्थालाई पुनर्सरचना वा थप सुधारको प्रकृयामा लैजान नसक्ने अवस्था सिर्जना भई सम्पत्ति तथा दायित्वको रकम यकीन गरी अभिलेख राख्ने वा फरफारक गर्ने व्यवस्था मिलाउन वा विघटनको कार्य अगाडि बढाउन बैंकले नियुक्त गरेको अधिकारी सम्झनु पर्छ ।

(ध) “ब्रिज बैंक” भन्नाले समस्याग्रस्त बैंक वा वित्तीय संस्थाको सम्पत्ति तथा दायित्व व्यवस्थापन गर्न बैंकले तोकिदिएको इजाजतपत्रप्राप्त बैंक वा वित्तीय संस्था सम्झनु पर्छ ।

(न) “वित्तीय प्रणालीको लागि महत्वपूर्ण संस्था” भन्नाले वित्तीय प्रणालीमा रहेको कुल सम्पत्ति वा निक्षेप वा कर्जा वा ऋणी संख्या वा कारोवारको आकार र अवस्था, अन्य संस्थाहरुसंगको सम्वन्ध मध्ये कुनै एक, एकभन्दा बढी वा सवै आधारमा बैंकले महत्वपूर्ण संस्था भनी यकीन गरेको बैंक वा वित्तीय संस्था सम्झनु पर्छ ।

(प) “रिजोलुसन समिति” भन्नाले समस्याग्रस्त बैंक वा वित्तीय संस्थाको सुधार वा निकास सम्बन्धी काम कारवाहीको सिफरिस गर्न विनियम १० बमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

## परिच्छेद - २

## रिजोलुसन सम्बन्धी व्यवस्था

३. **विवरण लिने :** (१) समस्याग्रस्त घोषणा गरिएका बैंक वा वित्तीय संस्थासंग सम्वन्धित विवरण, फाइल र अन्य आवश्यक कागजात सम्वन्धित सुपरिवेक्षण विभागले महाशाखामा पठाउनु पर्नेछ ।

(२) महाशाखाले उप-विनियम (१) वमोजिमका फाइल सम्वन्धित सुपरिवेक्षण विभागबाट प्राप्त गरी रिजोलुसन सम्वन्धी कार्य अगाडि बढाउनेछ ।

४. **कार्ययोजना बनाई सुधारको कार्य अगाडि बढाउने :** (१) महाशाखाले प्रत्येक आर्थिक वर्षमा नियमित र आकस्मिक रुपमा सम्पादन गर्ने रिजोलुसन सम्वन्धी कार्ययोजना तयार गर्नु पर्नेछ ।

(२) उप-विनियम (१) वमोजिमको कार्ययोजनामा सम्बन्धित आर्थिक वर्षमा महाशाखाले महत्व दिएको विशेष काम समेत उल्लेख गर्नु पर्नेछ ।

(३) उप-विनियम (१) बमोजिमको कार्ययोजनालाई गभर्नरबाट स्वीकृत गराई लागू गर्नु पर्नेछ ।

(४) महाशाखाले आवश्यक देखेमा रिजोलुसन सम्बन्धी थप कार्य समेत गर्न/गराउन सक्नेछ ।

(५) महाशाखाले समस्याग्रस्त संस्थाको रिजोलुसन सम्वन्धी कार्ययोजना तयार गर्दा पारदर्शी, गुणस्तरिय र मितव्ययी तबरबाट कार्य सम्पादन गर्ने व्यवस्था मिलाई वित्तीय प्रणालीमा स्थायित्व कायम गर्ने र विश्वसनियता अभिबृद्धि गर्ने उद्देश्यकासाथ गर्नु पर्नेछ ।

५. **कार्ययोजना तयार गर्नु अगावै आवश्यक जानकारी लिनुपर्ने** : विनियम ४ को उप-विनियम (१) बमोजिमको कार्य योजना तयार गर्नु अगावै महाशाखाले समस्याग्रस्त संस्थाको पछिल्लो अवधिको वास्तविक अवस्थाको जानकारी प्राप्त गरी सुधारात्मक र उपचारात्मक कार्यहरुको आधारमा कार्ययोजना तयार गर्नुपर्नेछ ।

६. **वार्षिक कार्ययोजना** : (१) महाशाखाले संस्थागत योजना बिभागसंग समन्वय गरी तोकिएको समयभित्र आगामी आर्थिक वर्षको कार्ययोजना तयार गर्नु पर्नेछ ।

(२) वार्षिक कार्ययोजना तयार गर्दा सामान्यतयाः कम्तिमा देहायका विषयहरुलाई समेट्नु पर्नेछ :-

(क) समस्याग्रस्त संस्थाको संक्षिप्त विवरण,

(ख) संस्था समस्यामा पर्नुका कारण,

(ग) विगतमा अवलम्वन गरिएका उपचारात्मक तथा सुधारात्मक योजना, नीति र कार्यक्रमहरुको समीक्षा,

(घ) आगामी दिनमा सुधारको लागि अवलम्वन गरिने विधि र प्रकृयाहरु

(ङ) महाशाखाबाट सम्पादन गरिने कार्यशाला, गोष्ठी तथा अन्तरक्रिया,

(च) जनशक्ति तथा क्षमता विकास सम्वन्धी कार्यक्रम, र

(छ) महाशाखाले आवश्यक देखेका अन्य विषय ।

(३) विनियम (४) को उप विनियम (१) बमोजिम कार्ययोजना अनुरूप कार्य सम्पादन भए/नभएको सम्वन्धमा महाशाखाले त्रैमासिक समीक्षा गरी बैंकको संस्थागत योजना विभागमा पठाउनु पर्नेछ ।

७. **<u>रिजोलुसन प्रकृया</u>** : समस्याग्रस्त बैंक वा वित्तीय संस्थाको शिघ्र तथा प्रभावकारी रिजोलुसनका लागि प्रचलित ऐन, कानून बमोजिम महाशाखाले देहायबमोजिमका सवै वा कुनै प्रकृयाहरु अवलम्बन गर्नेछ :-

**(क) <u>संस्थाको वास्तविक अवस्थाको जानकारी लिने:</u>**

(१) <u>विवरण संकलन गर्ने</u> : महाशाखाले समस्याग्रस्त संस्थाको स्थलगत निरीक्षण, विशेष निरीक्षण वा गैर-स्थलगत सुपरिवेक्षण गरी बर्तमान अवस्थाको जानकारी लिन तथा व्यवस्थापनबाट कर्जा असूली र निक्षेप भुक्तानी सम्बन्धमा तयार गरिएको कार्ययोजना माग गरी बिवरण अद्यावधिक गर्ने व्यवस्था मिलाउनेछ । साथै, महाशाखाले संस्थाको बर्तमान अवस्था, विद्यमान जोखिमको अवस्था तथा प्रवृत्ति, सुधारको संभावना, संस्थाको उच्च व्यवस्थापनले सुधार प्रति देखाएको अभिरुची र प्रयास, आन्तरिक नियन्त्रण, लेखापरीक्षण, सूचना प्रविधि, कर्जा व्यवस्थापन, दायित्व व्यवस्थापन, वित्त व्यवस्थापन, कर्जा असूली सम्वन्धमा गरेको प्रयास, पूँजी बृद्धि गर्न वा अन्य संस्थाहरुसंग गाभ्न वा गाभिन वा अन्य संस्थामा विलय हुनको लागि गरेको पहल, आन्तरिक नियन्त्रण प्रणाली, संस्थागत सुशासन लगायतका विषयमा आवधिकरुपमा जानकारी लिन सक्नेछ ।

(२) <u>व्यवस्थापनसंग आवधिक छलफल गर्ने</u> : समस्याग्रस्त संस्थाको पछिल्लो अवस्था, हालसम्मको प्रगति, विगतमा दिइएका निर्देशन पालनाको स्थिति, सम्पत्तिको संरक्षण, तरलता व्यवस्थापन, आवधिक प्रतिवेदन, सरोकारवालाको अपेक्षा, सुधार वा पुरसंरचनाको लागि व्यवस्थापनले गरेको पहल, प्रशासनिक खर्च कटौती र खराव कर्जाको असूली जस्ता विषयहरुमा संस्थाको व्यवस्थापनसंग महाशाखाले आवधिकरुपमा छलफल गरी जानकारी लिन सक्नेछ ।

(३) <u>नियमित प्रतिवेदन वा जानकारी लिने</u> : महाशाखाले सुपरिवेक्षणको क्रममा देखिएका कैफियतहरुको सुधार गर्न दिईएका निर्देशनहरुको कार्यान्वयनको सम्वन्धमा भएका प्रगतिको सम्वन्धमा जानकारी प्राप्त गर्नेछ । बैंकको निर्देशन बमोजिम आवधिकरुपमा बैंकमा प्राप्त हुनु पर्ने सूचना, तथ्याङ्क समयमै प्राप्त भए नभएको जानकारी लिने व्यवस्था महाशाखाले गर्नेछ । थप विवरण, जानकारी वा सूचना आवश्यक परेमा सम्वन्धित संस्थामा गई वा विस्तृत विवरण वा सूचनाहरू महाशाखामा मगाई जानकारी लिने वा अनुगमन निरीक्षण गर्न सक्नेछ ।

**(ख) संस्था सुधार योजना पेश गर्न लगाउनेः**

(१) सुधार योजना पेश गर्न लगाउने : बैंक वा वित्तीय संस्थाको व्यवस्थापनलाई संस्था सुधारको सम्वन्धमा अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन योजना तथा रणनीति तयार गरी पेश गर्न महाशाखाले निर्देशन दिन सक्नेछ । संस्थाबाट पेश भएको योजना तथा रणनीतिमा कुनै विषय थपघट वा परिमार्जन गर्नु पर्ने देखिएमा सो समेत समावेश गरी परिमार्जित योजना पुनः पेश गर्न लगाउन सक्नेछ ।

(२) खर्च कटौती गर्न लगाउनेः समस्याग्रस्त संस्थाको खर्च अनावश्यक रुपमा बढ्दै गएको वा समयमै सुधारात्मक कार्य संचालन हुन नसकेको कारण थप रकम खर्च हुन जाने देखिएमा प्रशासनिक व्ययभार घटाउने व्यवस्था मिलाउन निर्देशन दिन सक्नेछ ।

(३) कर्जा असूली योजना र पूँजी सुधार योजना पेश गर्न लगाउनेः महाशाखाले समस्यग्रस्त संस्थाको खराव कर्जाहरुको असूली के कसरी व्यवस्थित र प्रभावकारी बनाउन सकिन्छ, सो को कार्य योजना तयार गरी पेश गर्न निर्देशन दिन सक्नेछ । साथै, संस्थाको पूँजीकोष लगायतका प्रावधान विद्यमान शेयरधनी वा नयां शेयधनी थप गरी वा अन्य बैकल्पिक व्यवस्था गरी तोकिएको समयमा कसरी पूरा गर्ने भन्ने सम्बन्धमा पूँजी सुधार योजना वा व्यवसायिक योजना पेश गर्न निर्देशन दिन सक्नेछ ।

**(ग) व्यवस्थापनमा सुधार गर्ने / गराउनेः**

(१) संस्थाको व्यवस्थापन कमजोर रहेको, व्यवसायिक तवरले संचालन हुन नसेकको वा सुधार योजना प्रभावकारी हुन नसकेको महसुस गरेमा समयावधि तोकी रिजोलुसनको कार्य अगाडि बढाउन सम्वन्धित बैंक वा वित्तीय संस्थाको व्यवस्थापनलाई बैंकले निर्देशन दिन सक्नेछ ।

(२) रिजोलुसनको क्रममा रहेको बैंक वा वित्तीय संस्थाको विद्यमान संचालक समिति, प्रमुख कार्यकारी अधिकृत वा अन्य कर्मचारी वा पदाधिकारीहरुलाई ऐन बमोजिम निलम्बन गर्ने, हटाउने वा व्यवस्थापनमा आवश्यक परिवर्तन गर्न बैंकले आदेश दिन सक्नेछ ।

(३) उप विनियम (१) वा (२) बमोजिम संस्था सुधारको गति अघि बढ्न नसक्ने अवस्था देखिएमा ऐनको अधिनमा रही बैंकवाट नियुक्त अधिकारीद्धारा संस्थाको कारोवार संचालनको आवश्यक व्यवस्था मिलाउनेछ । यसरी नियुक्त अधिकारीले प्रचलित कानून तथा बैंकको निर्देशन बमोजिम समस्याग्रस्त संस्था संचालन र सुधार योजना तयार गरी कार्यान्वयनमा ल्याउनु पर्नेछ र सोको जानकारी यस बैंकलाई गराउनु पर्नेछ ।

**(घ) <u>व्यवस्थापन परिवर्तन वा सुधार गर्ने/व्यवस्थापन समूहको नियुक्ति गर्ने</u> : :**

(१) बैंकको निर्देशन बमोजिम कार्य संपादन नगर्ने बैंक वा वित्तीय संस्थाका संचालक, व्यवस्थापक वा कर्मचारीहरुलाई परिवर्तन गर्न वा हटाउन सक्नेछ ।

(२) विद्यमान संचालक, व्यवस्थापकबाट सुधारको योजना प्रभावकारीरुपमा कार्यान्वयन हुन सक्ने नदेखिएमा बैंकले उचित ठहरयाएको कुनै समूह वा अधिकारी मार्फत समस्याग्रस्त संस्थाको व्यवस्थापन तथा कारोवार संचालन गर्न वा गराउन सक्नेछ ।

(३) बैंक वा वित्तीय संस्था र निक्षेपकर्ताको हित संरक्षणको लागि बैंकले दिएको निर्देशन बमोजिम कार्य संपादन नगरी संस्थालाई समस्याग्रस्त बनाउन कसूरजन्य वा कैफियतजन्य कारोवारमा संलग्न संचालक, व्यवस्थापक वा कर्मचारी हटाई आबश्यकता अनुसार विद्यमान शेयरधनीहरुबाट नयाँ समिति गठन गरी संस्था संचालन गर्न/गराउन सक्नेछ । साथै, कुनै शेयरधनीको नाममा रहेको शेयरको स्वामित्व बैंकले उचित ठानेको व्यक्ति, फर्म, कम्पनी, संस्था वा समूहलाई बिक्री वितरण गरी वा अन्य प्रकृया अवलम्वन गरी सुधार योजना सहित संस्था संचालन गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

(४) वित्तीय प्रणालीको लागि महत्वपूर्ण संस्था प्रभावकारी रुपमा संचालन गर्न पूंजी थप गर्ने वा गाभ्न वा गाभिन वा प्राप्तीको लागि बैंकले नियुक्त अधिकारी मार्फत आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

**(ङ) <u>कारोवार रोक्का गर्ने वा प्रतिवन्ध लगाउने</u> :**

(१) बैंकले दिएको निर्देशन बमोजिम कार्य संपादन नगरेको अवस्थामा समस्याग्रस्त संस्थाको जुनसुकै कारोवार रद्द गर्न सक्नेछ ।

(२) बैंक वा वित्तीय संस्था र निक्षेपकर्ताको हित संरक्षणको लागि बैंकले दिएको निर्देशन बमोजिम कार्य संपादन नगर्ने संचालक, कर्मचारी तथा अन्य पदाधिकारीको नाममा रहेको

चल अचल सम्पत्ति, शेयर कारोवार रोक्का गर्न गराउनको लागि आवश्यक निर्देशन दिन सक्नेछ ।

(३) बैंकले दिएको निर्देशन बमोजिम कार्य संपादन नगर्ने बैंक वा वित्तीय संस्थाको कारोवारमा प्रतिवन्ध लगाउन वा आबश्यक शर्तहरु तोकी कारोवारको सीमा कायम गर्न सक्नेछ ।

(४) समस्याग्रस्त संस्थाको सम्पत्ति तथा दायित्व पूर्ण वा आंशिक रुपमा विक्री वितरण गर्दा वा अर्को संस्थामा हस्तान्तरण गर्दा संस्था सुधार हुने देखिएमा सोको व्यवस्था गर्न वा गराउन बैंकले आवश्यक निर्देशन दिन सक्नेछ ।

**(च) संस्थाको सम्पत्ति तथा दायित्व विक्री गर्न वा रोक्का गर्न लगाउने :**

(१) बैंक वा वित्तीय संस्था र निक्षेपकर्ताको हित संरक्षणको लागि बैंकले दिएको निर्देशन बमोजिम कार्य संपादन नगरी संस्थालाई समस्याग्रस्त बनाउन कसूरजन्य वा कैफियतजन्य कारोवारमा संलग्न संस्थालाई सुधारको प्रकृया अवलम्वन गर्न उक्त संस्थाको नाममा रहेको चल, अचल सम्पत्ति तथा दायित्व वा कारोवार बिक्री, रोक्का, हस्तान्तरण गर्न वा अन्य उपयुक्त उपायहरु अवलम्वन गरी सुधार कार्य अगाडि बढाउन आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) सुधार प्रकृया अगाडि बढाउन समस्याग्रस्त संस्थाको सम्पत्ति वा दायित्व एकमुष्ठ वा खण्डितरुपमा विक्री वितरण वा हस्तान्तरण गर्दा निक्षेपकर्ताको हित संरक्षण हुनेमा बैंक विश्वस्त भएमा सो कार्य गर्न/गराउन सक्नेछ ।

(३) संस्थाको स्वामित्वमा रहेको सहायक कंपनीको कुनै वा सवै सम्पत्ति आवश्यकता अनुसार विक्री गर्न गराउन सक्नेछ ।

(४) संस्थाको चल अचल सम्पत्ति विक्री वितरण गरी सुधार प्रकृया अगाडि बढाउन बैंकले संस्थाको स्वामित्वमा रहेको सवै वा आंशिक संपत्ति तोकिएको बैक वा वित्तीय संस्था वा अन्य कुनै उपयुक्त निकायलाई हस्तान्तरण वा विक्री गर्न निर्देशन दिन सक्नेछ ।

**(छ) गाभ्न वा गाभिन वा प्राप्तिको लागि निर्देशन दिने :**

(१) समस्याग्रस्त संस्था सुधार गरी संचालन गर्ने अन्य विधि वा प्रकृयाहरु प्रभावकारी हुन नसक्ने बैंकले महसुस गरेमा अन्य उपयुक्त संस्थासंग मर्जरमा जान वा उपयुक्त संस्थाबाट प्राप्ति (एक्विजिसन) गर्ने व्यवस्था मिलाउन व्यवस्थापनलाई निर्देशन दिन सक्नेछ । यसरी

मर्जर वा प्राप्ति (एक्विजिसन) हुने व्यवस्था मिलाउन निर्देशन दिदा संभव भएसम्म सक्षम, संस्थागत सुशासनको अवस्था राम्रो रहेको र बृहद कारोवारको आकार तथा कार्यक्षेत्र सन्तोषजनक भएको बैंक तथा वित्तीय संस्थासंगको मर्जर वा प्राप्ति (एक्विजिसन) गर्ने व्यवस्थालाई प्राथमिकता दिने गरी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

(२) उप विनियम (१) को अधिनमा रही संस्था गाभ्न, गाभिन वा प्राप्ति (एक्विजिसन) को स्वीकृति दिंदा समस्याग्रस्त संस्थाको पुरै सम्पत्ति तथा दायित्व सहित गाभ्न, गाभिन वा प्राप्ति (एक्विजिसन) को व्यवस्था गरी प्राप्त भएको प्रस्तावलाई प्राथमिकता दिइनेछ ।

(३) एकै परिवार वा एकै समूहबाट प्रवर्द्धित संस्थाहरुमध्ये कुनै बैंक वा वित्तीय संस्था समस्याग्रस्त भएको अवस्थामा सोही समूहद्धारा प्रबर्द्धित अन्य संस्थामा गाभ्ने, गाभिने वा प्राप्ति (एक्विजिसन) गर्ने व्यवस्था मिलाउने गरी निर्देशन दिन सक्नेछ ।

(४) समस्याग्रस्त संस्थाका शेयरधनीहरु अन्य बैंक तथा वित्तीय संस्थाको समेत शेयरधनी रहेको पाइएमा उक्त संस्थालाई एकआपसमा गाभ्ने, गाभिने वा प्राप्ति (एक्विजिसन) गर्ने व्यवस्था मिलाउन आवश्यक निर्देशन दिन सक्नेछ ।

**(ज) <u>संस्थाको सम्पत्ति विभाजन गरी विक्री वितरण गर्न लगाउने</u> :**

(१) समस्याग्रस्त संस्थाको पुरै सम्पत्ति एकैपटक विक्री वा अन्य संस्थामा हस्तान्तरण हुन नसक्ने अवस्था देखिएमा विद्यमान सम्पत्ति वा दायित्वलाई वर्गीकरण गरी बैंक तथा वित्तीय संस्था वा अन्य निकायलाई बिक्री गर्न गराउन निर्देशन दिन सक्नेछ ।

यस प्रयोजनको लागि सम्पत्ति वा दायित्वलाई वर्गीकरण गर्ने प्रकृया र विधि बैंकले तोके बमोजिम हुनेछ ।

**(झ) <u>ब्रिज बैंक सम्बन्धी व्यवस्था</u> :**

(१) बैंकले समस्याग्रस्त संस्थाको सम्पत्ति वा दायित्व आवश्यकता अनुसार अन्य बैंक तथा वित्तीय संस्थामा हस्तान्तरण गर्ने व्यवस्था मिलाउन सक्नेछ । यसरी हस्तान्तरण गर्ने संस्थाले सम्पत्ति तथा दायित्व हस्तान्तरण गर्दा बैंक वा वित्तीय संस्थामा निहित सम्पूर्ण अधिकार सहित हस्तान्तरण हुने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) उप विनियम (१) बमोजिमको अवस्थामा संस्थाको सम्पत्ति वा दायित्व तत्कालै विक्री हुन नसक्ने अवस्थामा वा संस्थालाई निरन्तरता दिंदा खर्च बढ्न जाने र सुधारको प्रकृयाले गति लिन नसक्ने अवस्था देखिएमा यस बैंकवाट इजाजतपत्रप्राप्त संस्थामा सम्पत्ति तथा

दायित्व हस्तान्तरण गर्न वा यस प्रयोजनको लागि ब्रिज बैंकको स्थापना गरी कार्य अगाडि बढाउन आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

यस प्रयोजनको लागि ब्रिज बैंकको स्थापना गर्नु पर्ने भएमा संस्थाको गठन, पूँजी संरचना, कार्यक्षेत्र र संचालन व्यवस्था बैंकले तोके बमोजिम हुनेछ ।

(३) यसरी स्थापना गरिएको ब्रिज बैंकलाई तोकिएको कार्य सम्पादन गरेपछि निजी क्षेत्रमा विक्री गर्न वा अन्य तरिकाले खारेजीको प्रकृयामा लैजान सकिनेछ । उक्त कार्य गर्दा लाग्ने खर्च सम्वन्धित बैंक वा वित्तीय संस्थाले व्यहोर्नु पर्नेछ ।

(ञ) **वित्तीय प्रणालीको लागि महत्वपूर्ण संस्था सम्वन्धमा विशेष व्यवस्था** :

(१) वित्तीय प्रणालीमा महत्वपूर्ण र प्रभावशाली अवस्थामा रहेका संस्था समस्याग्रस्त भई वित्तीय प्रणालीमा नकारात्मक प्रभाव पर्ने देखिएमा अन्य विकल्पहरु कार्यान्वयन गर्न नसक्ने अवस्थामा बैंक र सम्वन्धित निकाय समेतको समन्वयमा सुधारको कार्य अगाडि बढाउन प्राथमिकता दिइनेछ । यस्ता संस्थाको सुधार गर्न बैंकले आवश्यक परेमा नेपाल सरकारको समेत सहयोग लिई सुधारका कुनै एक वा एकभन्दा बढी उपायको अवलम्वन गरी तत्कालै सुधारात्मक तथा उपचारात्मक कार्य अगाडि बढाउनेछ ।

(ट) **अन्य सुधारात्मक उपायहरुको अवलम्वन गर्ने** :

खण्ड (क) देख (ञ) सम्मको रिजोलुसन प्रकृयाको अवलम्वन गर्ने गराउने सिलसिलामा बैंकले देहायका थप व्यवस्थाहरु समेत अवलम्वन गर्न गराउन सकिनेछ :-

(क) यस बैंकवाट जारी गरिएका निर्देशनको पालना गराउने र संस्थागत सुशासन कायम गर्ने ।

(ख) समस्याग्रस्त संस्थामा शेयर पुँजी थप गर्न र संस्थासंग सम्वन्धित पक्षलाई कर्जा तथा सुविधा प्रदान भएकोमा सो को एकीकृत विवरण तयार गरी कर्जा असूली गर्न लगाउने ।

(ग) समस्याग्रस्त संस्था सुधारको प्रकृयाले गति लिन सक्ने देखिएमा कर्जा पुनर्सरचना वा पुनर्तालिकीकरण गर्न लगाउने ।

(घ) समस्याग्रस्त संस्था सुधारको लागि अल्पकालीन वा दीर्घकालीन योजना तथा कार्यक्रम बनाई पेश गर्न लगाउने ।

(ङ) समस्याग्रस्त संस्था सुधार सम्वन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रचलनमा रहेका असल अभ्यास तथा विधिहरुको अवलम्वन गर्न लगाउने ।

(च) समस्याग्रस्त संस्थाको पूँजी घटाउन लगाउने, खुला बजारमा रहेका उपकरणको प्रयोग र सुविधा उपयोग गर्न योग्य रहेको अवस्थामा तरलताको व्यवस्था मिलाउन सहयोग गर्ने ।

(छ) स्वदेशी तथा विदेशी रणनीतिक साझेदारलाई सहभागी गराउने वा यस्ता साझेदारलाई संस्थाको शेयर विक्री गर्ने, व्यवस्थापन करारमा दिने वा अन्य व्यवस्था गरी संस्था सुधारको कार्य अगाडि बढाउन लगाउने ।

(ज) सम्बन्धित संस्थाका पदाधिकारी, लेखापरीक्षक तथा सम्वन्धित सरोकारवालाहरुलाई आवश्यकता अनुसार बोलाई छलफल गर्ने, लिखित वा मौखिक जानकारी लिने र अन्य सूचना तथा जानकारी प्राप्त गर्ने ।

(झ) फरफारक वा खारेजीको प्रकृयामा लैजाने प्रकृया अगाडि बढाउने ।

(ञ) दीर्घकालीन प्रकृतिको कोष खडा गर्न पहल गर्ने ।

(ट) अन्य उपयुक्त विधि वा प्रकृयाको अवलम्वन गरी एकै प्रकारको वा बैंक वा वित्तीय संस्थामा रहेको समस्याको प्रकृतिको आधारमा अलग-अलग सुधार योजना तयार गरी कार्यान्वयन गर्ने गराउने ।

## परिच्छेद - ३

## नियुक्त अधिकारी/व्यवस्थापन समूहको नियुक्ति र काम, कर्तव्य सम्वन्धी व्यवस्था

८. **नियुक्त अधिकारी/व्यवस्थापन समूहको नियुक्ति :**

(१) समस्याग्रस्त संस्था रिजोलुसनको लागि संस्थाको विद्यमान व्यवस्थापन सक्षम हुने कुरामा बैंक विश्वस्त नभएमा वा सर्वसाधारण निक्षेपकर्ताको हित संरक्षण गर्न र समग्र वित्तीय प्रणालीप्रति विश्वसनीयता अभिवृद्धि गर्न संस्थाको व्यवस्थापन तथा संचालनको लागि बैंकले आवश्यकतानुसार नियुक्त अधिकारी/व्यवस्थापन समूह नियुक्त गर्न सक्नेछ ।

(२) बैंकले आफ्ना कर्मचारी वा बैंकमा विशेषज्ञको रुपमा सूचीकृत भएका व्यक्ति, फर्म, कम्पनी वा समूहबाट व्यवस्थापन समूहको नियुक्ति गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

यस प्रयोजनको लागि आवश्यक योग्यता र अनुभव तोकी बैंकले विशेषज्ञको सूचीमा सूचीकृत हुन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा समूहको विवरण तयार गरी राख्ने व्यवस्था मिलाउनेछ ।

९. **<u>नियुक्त अधिकारी/व्यवस्थापन समूहको काम, कर्तव्य र अधिकार</u>** : नियुक्त अधिकारी/व्यवस्थापन समूहको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) व्यवस्थापन समूहले बैंकले तोकेको शर्तको अधीनमा रही सम्वन्धित संस्थाको साधारण सभा, संचालक समिति, प्रमुख कार्यकारी अधिकृतको समेत जिम्मेवारी निर्वाह गर्नु पर्ने ।

(ख) सम्बन्धित संस्थाको चल, अचल सम्पत्तिको व्यवस्थापन गर्ने, कुनै सम्पत्ति तथा दायित्व फरफारक गर्ने र उक्त संस्था संचालन गर्ने ।

(ग) समस्याग्रस्त संस्थाको विक्री हुन बाँकी शेयर पूरै वा आशिंक रुपमा नयाँ व्यक्ति, फर्म वा कम्पनीलाई बिक्री गर्ने र संस्थामा पुँजी थप गर्ने व्यवस्था मिलाउने ।

(घ) समस्याग्रस्त संस्थाको संचालन नीति, प्रकृया वा नियन्त्रण प्रणालीमा परिमार्जन गर्ने ।

(ङ) समस्याग्रस्त संस्थाको तरलताको व्यवस्थापन लगायत अन्य विषयमा सुधार गर्ने व्यवस्था मिलाउने ।

(च) कारोवार संचालन गर्न एवम् प्रणालीगत दृष्टिकोणले नियमित रुपमा संचालन गर्न सकिने खास कार्य गर्न अन्य कुनै संस्थालाई जिम्मा दिने वा त्यस्तो कार्य संचालन गर्नको लागि केही समयको लागि छुट्टै ब्रीज बैंक (पूल संस्था) स्थापना गर्न बैंकमा सिफारिस गर्ने ।

(छ) सम्बन्धित संस्थाको कुनै वा सबै सम्पत्ति विक्री गर्ने । संस्थाको तर्फवाट सम्पादन गर्नु पर्ने करार वा सम्झौता गर्ने र सो बमोजिमको कार्य सम्पादन गर्ने वा गराउने ।

(ज) सम्बन्धित बैंक वा वित्तीय संस्थाको सहायक कम्पनीको कुनै वा सबै सम्पत्ति आवश्यकता अनुसार विक्री गर्ने ।

(झ) फरफारकको काम कारवाही अगाडि वढाउन आवश्यक ठानेका कागजात सम्बन्धित व्यक्ति/संस्थाबाट पेश गर्न लगाउने ।

(ञ) सम्बन्धित संस्थाका संस्थापक शेयरधनीहरु यस बैंकबाट जारी गरिएको इजाजतपत्र सम्वन्धी नीतिगत व्यवस्थाको आधारमा योग्य र उपयुक्त (फिट एण्ड प्रोपर) रहे नरहेको परीक्षण गरी सो बमोजिम योग्य नभएमा अन्य व्यक्ति वा निकायमा निजको नाममा रहेको शेयर हस्तान्तरण गर्ने वा संस्थापक शेयरधनीको अधिकार निलम्वन गर्ने व्यवस्था मिलाउने ।

(ट) सम्बन्धित संस्थाको निश्चित अधिकार, सम्पत्ति वा दायित्व अर्को व्यक्तिमा हस्तान्तरण गर्ने ।

(ठ) आवश्यकता अनुसार सम्बन्धित संस्थाले जारी गरेको शेयर खारेज गर्ने ।

(ड) सम्बन्धित संस्थाले जारी गरेको शेयर निर्धारित मूल्य प्रदान गरी अन्य व्यक्तिको नाममा नामसारी गर्ने ।

(ढ) अग्राधिकार शेयर वा पूँजी सम्वन्धी अन्य उपकरण जारी गर्ने ।

(ण) समस्याग्रस्त संस्थाको सम्पत्ति तथा दायित्वको मूल्याङ्कन लेखापरीक्षण गराउने र यथार्थ अवस्थाको बारेमा बैंकमा नियमितरुपमा विवरण तथा प्रतिवेदन पेश गर्ने ।

(त) समस्याग्रस्त संस्थाको सम्पत्ति तथा दायित्वको मूल्याङ्कनको क्रममा मूल्याङ्कनकर्ता र लेखापरीक्षणको क्रममा लेखापरीक्षकले पेशागत मर्यादा बमोजिम कार्य नगरेमा कारवाहीको प्रकृया अगाडि बढाउने ।

(थ) समस्याग्रस्त संस्थाको साधन स्रोत दुरुपयोग गर्ने पदाधिकारीहरु र निजका परिवार वा सम्बद्ध पक्षको पहिचान गरी निजहरुको नाममा रहेको चल अचल सम्पत्ति रोक्का गर्ने वा संस्थाको नाममा ल्याउनको लागि आवश्यक पहल गर्ने र संस्थाको नाममा आएको सम्पत्ति बिक्री वितरण गरी सम्बन्धित पक्षको नाममा रहेको दायित्व फरफारक गर्ने गराउने ।

(द) संस्था सुधार योजनासहित बैंक वा वित्तीय संस्था संचालन गर्ने वा सुधारले गति लिन नसक्ने अवस्थामा सम्पत्ति तथा दायित्वको फरफारक गरी विघटनको कार्य अगाडि बढाउने ।

(ध) बैंकले तोकिदिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद - ४

## रिजोलुसन समितिको गठन र काम, कर्तव्य सम्वन्धी व्यवस्था

१०. **समस्याग्रस्त संस्था रिजोलुसन समितिको गठन** : (१) समस्याग्रस्त संस्था रिजोलुसन सम्बन्धी महत्वपूर्ण विषयहरुमा छलफल गरी सिफारिश गर्न देहायका सदस्यहरू रहेको एउटा समस्याग्रस्त संस्था रिजोलुसन समिति रहनेछ :-

(क) सम्बन्धित डेपुटी गभर्नर - अध्यक्ष,

(ख) डेपुटी गभर्नर - सदस्य,

(ग) विभागीय प्रमुख, बैंक तथा वित्तीय संस्था नियमन विभाग - सदस्य,

(घ) प्रमुख, कानून महाशाखा - सदस्य,

(ङ) महाशाखा प्रमुख - सदस्य सचिव ।

(२) रिजोलुसन समितिले आवश्यकता अनुसार सम्वन्धित सुपरिवेक्षण विभागको कार्यकारी निर्देशक वा विषयगत विशेषज्ञ वा अन्य पदाधिकारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) महाशाखाको सिफारिशमा समस्याग्रस्त संस्थाको निरीक्षण प्रतिवेदन, सुधारको अवस्थाका सम्बन्धमा चाल्नुपर्ने थप कदम वा दिनुपर्ने नयाँ निर्देशन वा थप कारवाहीको लागि प्रस्तावित विषयवस्तुको गाम्भिर्यताका आधारमा डेपुटी गभर्नरले रिजोलुसन समितिमा छलफल गर्न वा गभर्नर समक्ष पेश गर्न सक्नेछ ।

(४) रिजोलुसन समितिको बैंठक संचालन तथा अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

११. **<u>रिजोलुसन समितिको बैठकमा पेश गर्ने प्रस्ताव :</u>** रिजोलुसन समितिको बैठकमा देहायबमोजिमका प्रस्ताव छलफलको लागि पेश गर्न सकिनेछ :-

(क) संस्था सुधारका लागि सम्बन्धित संस्थाले अवलम्वन गरेको उपाय प्रभावकारी भए नभएको र यस सम्बन्धमा बैंकले दिएको निर्देशनको प्रभावकारीरुपमा पालना भए नभएको ।

(ख) सुधारको अवस्थाबारे संस्थावाट प्राप्त त्रैमासिक प्रतिवेदन ।

(ग) समस्याग्रस्त संस्थासंग स्पष्टिकरण माग गर्ने, नगद जरिवाना गर्ने वा कारोवार निलम्बन गर्ने लगायतका अन्य कारवाही ।

(घ) सम्बन्धित संस्थाका संचालक, कर्मचारी वा पदाधिकारीहरुसंग स्पष्टिकरण माग गर्ने, नगद जरिवाना गर्ने, कारवाहीको सिफारिश गर्ने, निलम्बनमा राख्ने वा बर्खास्त गर्ने विषय ।

(ङ) खण्ड (घ) बमोजिम संस्थाका पदाधिकारीहरुलाई कारवाही भएकोमा कसूरको आधारमा गर्नु पर्ने थप कारवाही ।

(च) नियुक्त अधिकारी/व्यवस्थापन समूहको नियुक्ति वा फरफारक अधिकारी नियुक्तिको बिषय ।

(छ) समस्याग्रस्त संस्थालाई थप कारवाही गर्ने वा संस्थाको अवस्थामा सुधार हुँदैं गएको अवस्थामा कारवाहीमा छुट प्रदान गर्ने बिषय ।

(ज) समस्याग्रस्त संस्थाको सम्पूर्ण सम्पत्ति, दायित्व बिक्री वा हस्तान्तरण र मर्जर वा प्राप्ती गर्न स्वीकृति प्रदान गर्ने बिषय ।

(झ) महाशाखा प्रमुखले रिजोलुसन समितिमा पेश गर्न आवश्यक ठानेको अन्य विषय ।

१२. **<u>रिजोलुसन समितिको काम, कर्तव्य तथा अधिकार</u>** : समस्याग्रस्त संस्था रिजोलुसन समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :-

(क) समस्याग्रस्त संस्थाको निरीक्षण प्रतिवेदन वा आवधिक प्रतिवेदनमा गम्भीर प्रकृतिका कैफियत देखिएमा त्यस्ता संस्थालाई महाशाखाको प्रस्ताव अनुसार गरिने जरिवाना तथा सजायको उपयुक्तता एवम् पर्याप्तता सम्बन्धमा छलफल गरी निक्यौंल गर्ने ।

(ख) महाशाखाले संस्थालाई जरिवाना वा सजाय गर्नु अघि आवश्यक सम्पूर्ण प्रक्रिया एवम् कार्यविधि पूरा गरे नगरेको यकीन गर्ने ।

(ग) आफ्नो राय ठहर सहित सम्बन्धित संस्था तथा पदाधिकारीहरुलाई थप कारवाही, जरिवाना वा सजाय गर्न गभर्नर समक्ष सिफारिश गर्ने ।

(घ) वित्तीय तथा अन्य परिसूचकबाट समस्याग्रस्त संस्थाको अवस्थामा सुधार हुँदै गएको देखिएमा तोकिएको कारवाहीमा छुट प्रदान गर्न सिफारिस गर्ने ।

(ङ) नियुक्त अधिकारी/व्यवस्थापन समूह वा फरफारक अधिकारी नियुक्ति सम्वन्धमा सिफारिस गर्ने ।

(च) संस्थाको सम्पत्ति तथा दायित्व बिक्री वा हस्तान्तरण गर्न र मर्जर वा प्राप्तीको निर्देशन दिन आवश्यक देखिएमा यकीन गरी त्यस्तो निर्देशन दिन सिफारिस गर्ने ।

(छ) संस्थाको नियमन, सुपरिवेक्षण एवं सुधार प्रकृयाका सम्बन्धमा आइपर्ने विविध विषयहरू उपर छलफल गर्ने र सुधारका थप उपायहरुको सिफारिश गर्ने ।

## परिच्छेद-५

## व्यवसायिक विज्ञको सूची, बाह्य सम्बन्ध र दण्ड सजाय सम्वन्धी व्यवस्था

१३. **व्यवसायिक विज्ञको सूची तयार गर्ने** : (१) बैंकले समस्याग्रस्त संस्थाको नियुक्त अधिकारी/व्यवस्थापन समूहमा पठाउने व्यवसायिक विज्ञ र विज्ञ समूहको सूची तयार गरी राख्न सक्नेछ ।

(२) उप-विनियम (१) वमोजिमको व्यवसायिक विज्ञहरुको सूचीमा सूचीकृत हुनको लागि आवश्यक पर्ने योग्यता तथा अनुभव संस्थाको समस्याको प्रकृति र गम्भिर्यताको आधारमा रिजोलुसन समितिको सिफरिसमा गभर्नरले तोके बमोजिम हुनेछ ।

१४. **बाहय विशेषज्ञसंग राय सुझाव लिन सकिने**: (१) समस्याग्रस्त संस्थाको रिजोलुसन कार्यलाई प्रभावकारी बनाउन बैंकले आवश्यकता महसुस गरेमा बजारमा उपलव्ध सम्वन्धित क्षेत्रका विज्ञ, विज्ञहरुको समूह वा फर्म, कम्पनी वा संस्थासंग आवश्यक छलफल गर्न वा राय सुझाव लिन सक्नेछ ।

(२) उप-विनियम (१) वमोजिमको राय सुझाव प्राप्त गरेको अवस्थामा सो वापत त्यस्तो विशेषज्ञ सेवा प्रदायकलाई भुक्तानी गर्ने पारिश्रमिक वा शुल्क वापतको रकम गभर्नरले स्वीकृत गरे बमोजिम हुनेछ ।

तर, संस्थाको नियुक्त अधिकारी/व्यवस्थापन समूह वा फरफारक अधिकारीले लिएको राय सुझाव वा विशेषज्ञ सेवा वापतको पारिश्रमिक रकम सम्वन्धित संस्थाबाटै भुक्तानी हुनेछ ।

१५. **महाशाखाको संगठनात्मक ढांचा**: (१) महाशाखाको संगठनात्मक ढांचा र दरवन्दी गभर्नरले स्वीकृत गरे बमोजिम हुनेछ ।

(२) रिजोलुसन सम्वन्धी काम कारवाही सम्पादन गर्नको लागि महाशाखाले सचिवालयको रुपमा कार्य गर्नेछ ।

(३) महाशाखा प्रमुखले महाशाखाको आन्तरिक कार्य सञ्चालन सम्वन्धी व्यवस्था मिलाउनेछ ।

१६. **महाशाखाको काम, कर्तव्य र अधिकार**: महाशाखाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(१) समस्याग्रस्त संस्थाबाट आवधिक र विशेष प्रकारका सूचना, तथ्याङ्क र विवरण प्राप्त गर्ने ।

(२) समस्याग्रस्त संस्थाको विशेष निरीक्षण, अनुगमन र सुपरिवेक्षण गर्ने ।

(३) अनुसूची- १ बमोजिमको प्रस्ताव तयार गरी रिजोलुसन समितिमा पेश गर्ने ।

(४) नेपाल धितोपत्र वोर्ड, बीमा समिति, निक्षेप तथा कर्जा सुरक्षण निगम जस्ता वित्तीय वजारका सहयोगी नियमनकारी एवम् सुपरिवेक्षण संस्थाका पदाधिकारीहरुसंग आवश्यक समन्वय गर्ने ।

(५) समस्याग्रस्त संस्थाका पदाधिकारीहरुसंग आवश्यकतानुसार छलफल गर्ने, लिखित वा मौखिक जानकारी माग गर्ने ।

(६) समस्याग्रस्त संस्थाको शाखा कार्यालयको बिक्री, लेखापरीक्षकको नियुक्ति, स्थीर सम्पत्तिको खरिद बिक्री, गैर बैंकिंग सम्पत्ति विक्रीलगायतका विषयमा स्वीकृति प्रदान गर्ने ।

(७) रिजोलुसन सम्वन्धी कार्ययोजना तयार गर्ने ।

(८) प्रमुख कार्यकारी अधिकृत र अन्य कर्मचारीहरु करार वा ज्यालादारीमा नियुक्ति गर्ने स्वीकृति प्रदान गर्न प्रस्ताव पेश गर्ने ।

(९) अन्य आवश्यक कार्यहरु सम्पादन गर्ने ।

१७. **बाह्य क्षेत्रसंग समन्वय, सम्बन्ध तथा अन्तरक्रिया** : (१) महाशाखाले समस्याग्रस्त संस्थाको सुधारसंग सम्बन्धित वाह्य क्षेत्रसंग सम्पर्क, समन्वय, सहकार्य, अन्तरक्रिया, गोष्ठी, सेमिनार एवम् कार्यशाला जस्ता कार्यक्रम संचालन गर्न सक्नेछ ।

(२) उप-विनियम (१) वमोजिमको कार्यक्रममा देहायवमोजिमका व्यक्ति वा संगठित संस्थाको संलग्नतामा हुन सक्नेछ :-

(क) समस्याग्रस्त संस्थाका बाह्य लेखापरीक्षक एवम् लेखापरीक्षण कार्यमा संलग्न व्यक्ति वा पेशागत संगठित संस्थाका पदाधिकारीहरु ।

(ख) समस्याग्रस्त संस्थाको सम्पत्ति तथा दायित्व मूल्याङ्कनकर्ता र आन्तरिक लेखापरीक्षक ।

(ग) समस्याग्रस्त संस्थाका प्रमुख कार्यकारी अधिकृत र सञ्चालक समितिका सदस्य ।

(घ) नेपाल धितोपत्र वोर्ड, बीमा समिति, निक्षेप तथा कर्जा सुरक्षण निगम जस्ता वित्तीय वजारका सहयोगी नियमनकारी एवम् सुपरिवेक्षकीय निकायका पदाधिकारीहरु ।

(ङ) सम्पत्ति शुद्धिकरण अनुसन्धान विभाग ।

(च) वित्तीय जानकारी इकाई ।

(छ) सम्वन्धित क्षेत्रका विज्ञ, विज्ञहरुको समूह वा फर्म, कम्पनी वा संस्था ।

(ज) कानून कार्यान्वयन गर्ने नेपाल सरकारका अन्य निकायहरु र,

(झ) महाशाखाले आवश्यक देखेका अन्य व्यक्ति वा संगठित संस्था ।

(३) उप-विनियम (१) वमोजिम विभागीय गोष्ठी, सेमिनार, कार्यशाला एवम् अन्तर्क्रिया कार्यक्रम आयोजना गर्दा कार्यक्रमको अवधारणा पत्र तथा सम्पादित कामको संक्षिप्त विवरण महाशाखा प्रमुखले डेपुटी गभर्नर समक्ष पेश गर्न सक्नेछ ।

१८. **अन्तर्राष्ट्रिय संस्थासंग सम्पर्क** : (१) अन्तर्राष्ट्रिय क्षेत्रमा रिजोलुसन सम्वन्धी कार्य गरिरहेका केन्द्रीय बैंक वा अन्य संस्थासंग सम्पर्कमा रही समस्याग्रस्त संस्थाको रिजोलुसन सम्बन्धमा विकसित नीति, कार्य प्रकृया एवम् मापदण्ड वारे महाशाखाले जानकारी हासिल गर्न सक्नेछ ।

(२) अन्तर्राष्ट्रिय संस्थासंग सम्पर्क राख्ने तथा आवश्यक प्रक्रिया पुऱ्याई सम्वन्धित विषयमा सूचना आदान प्रदान गर्ने तथा प्राप्त सूचनालाई व्यवस्थित गरी राख्ने व्यवस्था महाशाखाले गर्नेछ ।

(३) गभर्नरको स्वीकृति लिई महाशाखाले अन्तर्राष्ट्रिय संस्थाहरुसँग आपसी सूचना आदान प्रदान गर्न सक्नेछ ।

(४) अन्तर्राष्ट्रिय क्षेत्रमा समस्याग्रस्त संस्थाहरुको अवस्था र सुधार सम्वन्धमा आयोजना हुने कार्यक्रममा सहभागिता जनाउने तथा यस प्रकारका कार्यक्रम आफैले आयोजना समेत गर्न सक्नेछ ।

१९. **वार्षिक प्रतिवेदन सम्वन्धी व्यवस्था** : (१) महाशाखाले सार्वजनिक जानकारीको लागि समस्याग्रस्त संस्थाको सुधार सम्वन्धमा गरेका कामकारवाही सम्बन्धी वार्षिक प्रतिवेदन प्रकाशन गर्न सक्नेछ ।

(२) उप-विनियम (१) वमोजिमको प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र तयार गरिसक्नु पर्नेछ ।

(३) वार्षिक प्रतिवेदनमा अन्य कुराका अतिरिक्त बैंकिंग क्षेत्रको वर्तमान अवस्था, संस्थाहरु समस्यामा जानुको कारण, सुधार सम्वन्धमा अवलम्वन गरिएका मुख्य विधिहरु, सुधार कार्यको प्रभावकारिता तथा आगामी कार्य दिशा जस्ता विषयहरु समावेश गर्न सक्नेछ ।

(४) महाशाखाले तयार गरेको वार्षिक प्रतिवेदन गभर्नरबाट स्वीकृत भएपछि प्रकाशन गर्नु पर्नेछ ।

२०. **कानुन तथा नियमन उल्लङ्घन गरेमा हुने सजाय** : इजाजतपत्रप्राप्त संस्था वा सोका पदाधिकारीले प्रचलित कानून, बैंकबाट जारी गरिएको नियमन, निर्देशन, आदेश वा परिपत्रको उल्लङ्घन गरेमा त्यस्तो संस्था वा सोका पदाधिकारीलाई ऐन वा प्रचलित कानून बमोजिम सजाय हुनेछ ।

२१. **आर्थिक जरिवाना र सजायको कार्यविधि :** विनियम २० वमोजिम सजाय वा आर्थिक जरिवाना गर्दा ऐन बमोजिमको कार्यविधि अवलम्वन गर्नु पर्नेछ ।

## परिच्छेद -६

## विविध

२२. **संस्थावाट प्राप्त प्रतिवेदनको स्थिति सूचित गर्नुपर्ने :** (१) महाशाखाले समस्याग्रस्त अवस्थामा रहेका प्रत्येक संस्थाहरुको त्रैमासिक रूपमा अनुसूची - १ बमोजिमको ढाँचामा प्रतिवेदन तयार गरी समस्याग्रस्त संस्था रिजोलुसन समिति समक्ष पेश गर्नु पर्नेछ ।

(२) उप-विनियम (१) वमोजिमको प्रतिवेदनमा देहाय बमोजिमका विषयहरु उल्लेख गर्नु पर्नेछ :-

(क) संस्थाको संक्षिप्त परिचय : शेयर स्वामित्व, संचालक समिति र कार्यकारी प्रमुखको विवरण ।

(ख) प्रमुख वित्तीय परिसुचकहरु : पूँजी, कुल वक्यौता कर्जा रकम, निष्कृय कर्जा अनुपात, कुल निक्षेप, तरलता/निक्षेप अनुपात ।

(ग) संस्था समस्याग्रस्त हुनाको कारणहरु ।

(घ) संस्था सुधारको सम्वन्धमा विद्यमान कानूनी व्यवस्थाहरु ।

(ङ) स्थलगत निरीक्षण वा गैर-स्थलगत सुपरिवेक्षणका क्रममा दिइएका निर्देशनहरुको कार्यान्वयन अवस्था ।

(च) व्यवस्थापन नियन्त्रण तथा शिघ्र सुधारात्मक कारवाहीको अवस्था ।

(छ) संस्थाको सुधार सम्वन्धमा हालसम्मको प्रगति र आगामी दिनमा चाल्नु पर्ने कदमहरु ।

(ज) महाशाखाले आवश्यक देखेका अन्य विषयहरु ।

(३) विनियम १२ को खण्ड (ग) को अधीनमा रही उप-विनियम (१) वमोजिमको प्रतिवेदनको आधारमा समस्याग्रस्त संस्था तथा पदाधिकारीहरुलाई तत्कालै कारवाही गर्न वा निर्देशन दिनु पर्ने अवस्थामा महाशाखा प्रमुखले आवश्यकता अनुसार प्रस्ताव तयार गरी डेपुटी गभर्नर तथा गभर्नर समक्ष पेश गर्न सक्नेछ ।

२३. **<u>मार्गदर्शनको रूपमा अवलम्वन गर्न सकिने</u> :** रिजोलुसन सम्वन्धी कार्यलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप बनाउन अन्तर्राष्ट्रिय असल अभ्यास र सिद्धान्तलाई मार्गदर्शनको रूपमा अवलम्वन गरिनेछ ।

२४. **<u>अख्तियारी सम्बन्धमा</u>** : महाशाखाको काम कारवाहीसँग सम्बन्धित विषयहरुमा आवश्यक निर्णय गर्ने तथा प्रस्तावहरु स्वीकृत गर्ने अख्तियारी अनुसुची - २ मा उल्लेख भएबमोजिम हुनेछ ।

२५. **<u>संस्था सुधार सम्वन्धी काम कारवाहीहरु सार्वजनिक गर्नुपर्ने</u> :** महाशाखाले समस्याग्रस्त संस्था उपर गरेका उपचारात्मक तथा सुधारात्मक काम कारवाहीहरू बजार संवेदनशीलतालाई विचार गरी आवश्यकतानुसार सर्वसाधारणको जानकारीको लागि सार्वजनिक गर्नेछ ।

२६. **<u>गुनासो गर्न सकिने</u> :** (१) समस्याग्रस्त संस्था सुधारमा संलग्न पदाधिकारीले डर, धाक देखाउने, धम्की दिने, प्रतिशोधको भावनाले कार्य गरी सम्बन्धित संस्था वा पदाधिकारीलाई कुनै अनुचित हानी नोक्सानी पुऱ्याएमा वा पुऱ्याउन खोजेमा मर्का पर्ने पक्षले आफू वा सरोकारवालालाई परेको हानी नोक्सानीको विस्तृत विवरण र प्रमाण सहित पदाधिकारी किटान गरी त्यस्तो कार्यको विरुद्धमा गभर्नर समक्ष गुनासो पेश गर्न सक्नेछ ।

(२) उपविनियम (१) बमोजिम कुनै गुनासो पर्न आएमा गभर्नरले सो उपर छानवीन गर्न लगाई प्रमाणित भएमा बैंकको प्रचलित कर्मचारी विनियमावली बमोजिम आवश्यक कारवाही गर्नेछ ।

(३) उपविनियम (१) बमोजिम पेश गरिएको गुनासो उपविनियम (२) बमोजिम छानवीन गर्दा झुट्ठा ठहरिन गएमा प्रचलित कानुन बमोजिम सम्बन्धित गुनासोकर्तालाई आवश्यक कारवाही गर्न सकिनेछ ।

२७. **<u>महाशाखाले आवश्यक निर्देशन दिन सक्ने</u> :** (१) समस्याग्रस्त संस्था रिजोलुसनको सिलसिलामा संस्थाका पदाधिकारीको काम कारवाहीले संस्थाको खर्च बढ्ने, सुधार प्रकृया ढिलो हुने वा जोखिम बढ्ने देखिएमा जोखिमको स्तर अनुसार प्रचलित कानून लगायत अन्तराष्ट्रिय प्रचलनका आधारमा संस्थालाई कुनै काम गर्न वा नगर्न वा तत्काल कुनै कार्य सम्पादन गर्न महाशाखाले आवश्यकतानुसार लिखित वा मौखिक निर्देशन दिन सक्नेछ ।

(२) उपविनियम (१) बमोजिम दिएको निर्देशनको महत्व र गहनतालाई ध्यानमा राखी महाशाखा प्रमुखले सो विषयको जानकारी डेपुटी गभर्नरलाई गराउनु पर्नेछ ।

२८. **संस्थाको सम्पत्ति बिक्री गर्न स्वीकृति दिने र निर्णय मान्य हुने :** (१) समस्याग्रस्त संस्था सुधारको सिलसिलामा संस्थाको सम्पत्ति तथा दायित्वको बिक्री वितरण वा हस्तान्तरण नगर्दा वा चल अचल सम्पत्तिको बिक्री वितरण नगर्दा खर्च बढ्ने वा कुनै वाधा व्यवधान हुने देखिएमा बैंकको सहमति लिई कारवाही अगाडि बढाउन आवश्यक निर्देशन दिन सक्नेछ । साथै, समस्याग्रस्त संस्थाको शाखा कार्यालय वा अन्य कार्यालयको सम्पत्ति तथा दायित्व विक्री वितरण गर्नु परेमा सोको औचित्य तथा आवश्यकताको यकीन गरी स्वीकृति प्रदान गर्न सक्नेछ ।

(२) समस्याग्रस्त संस्थाको सम्पत्ति, दायित्वको विक्री वितरण तथा काम कारवाहीको सिलसिलामा कुनै विवाद सिर्जना भएमा बैंकले त्यस्तो बिवाद समाधान गर्न आवश्यक निर्णय गर्न सक्नेछ ।

(३) समस्याग्रस्त संस्था सुधार सम्वन्धी काम कारवाहीको सिलसिलामा संस्थाका संस्थापक, संचालक, व्यवस्थापक, पदाधिकारीहरु तथा सरोकारवालाहरुको बीचमा उप विनियम (२) बाहेकका अन्य विषयमा विवाद सिर्जना भएमा सो सम्वन्धमा बैंकको मध्यस्थतामा भएको निर्णय अन्तिम हुनेछ ।

२९. **फरफारक अधिकारी मार्फत विघटनको प्रकृया अगाडि बढाउने :** (१) बैंकले संस्था सुधारको लागि अवलम्वन गरिएका प्रयासहरु प्रभावकारी हुन नसकी बैंक वा वित्तीय संस्था सुधार हुन नसकेमा प्रचलित कानून बमोजिम फरफारक अधिकारी नियुक्त गरी वा व्यवस्थापन समूहलाई उक्त अधिकारी तोकी अन्य निकायहरुको समन्वयमा संस्थालाई खारेजीको प्रकृयामा लैजाने व्यवस्था मिलाउनेछ ।

(२) यस प्रयोजनको लागि नियुक्त फरफारक अधिकारीले संस्थाको सम्पत्ति तथा दायित्व सम्वन्धी वास्तविक अवस्थाको यकीन गरी प्रकृया अगाडि बढाउन आवश्यकता अनुसार कानून विज्ञ, सूचना प्रविधि विज्ञ, लेखा विज्ञ वा अन्य क्षेत्रका योग्य र व्यवसायिक व्यक्तिहरुको सहयोग प्राप्त गरी फरफारकको कार्य अगाडि बढाउन सक्नेछ ।

३०. **बीमा कम्पनीसंगको समन्वय :** समस्याग्रस्त संस्थाहरुले कारोवार सञ्चालन गर्दा आफ्नो सम्पत्ति तथा दायित्व सुरक्षणको लागि निक्षेप वीमा कम्पनीहरुसंग बीमा/सुरक्षण गरेको अवस्थामा सो को व्यवस्थापन/फरफारक कार्यलाई सहज बनाउन महाशाखाले सम्वन्धित निकायसंग समन्वय गरी हिसाव मिलान कार्य अगाडि बढाउन पहल गर्नेछ ।

३१. **महाशाखाले आवश्यक पत्राचार गर्न सक्ने :** समस्याग्रस्त संस्थाहरुको रिजोलुसन प्रकृया अगाडि बढाउन महाशाखाले सम्वन्धित बैंक वा वित्तीय संस्था, निकाय वा पदाधिकारीसंग आवश्यक पत्राचार गरी सहयोग लिन सक्नेछ ।

३२. **महाशाखाले फाइल तथा विवरण हस्तान्तरण गर्ने :** समस्याग्रस्त संस्थाहरुको सुधार कार्य सम्पन्न भई आगामी दिनमा बैंक वा वित्तीय संस्था व्यवस्थित र सूचारु तवरले संचालन हुन सक्ने अवस्था देखिएमा समस्याग्रस्त संस्था रिजोलुसन समितिको निर्णय बमोजिम महाशाखाले संस्थाको विवरण तथा कागजात सम्वन्धित सुपरिवेक्षण विभागमा फिर्ता गर्नेछ ।

३३. **बाधा अड्काउ फुकाउने अधिकार :** यस विनियमावली बमोजिम कार्य सम्पादन गर्दा कुनै बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार रिजोलुसन समितिको सिफारिसमा गभर्नरलाई हुनेछ ।

# अनुसूची – १
# विनियमावलीको विनियम २२ सँग सम्बन्धित

**रिजोलुसन समितिमा पेश गर्ने प्रतिवेदनमा समावेश हुनुपर्ने न्यूनतम विषयहरु :-**

(क) समस्याग्रस्त संस्थाको संक्षिप्त परिचय : शेयर स्वामित्व संरचना, संचालक समिति र कार्यकारी प्रमुखको विवरण ।

(ख) प्रमुख वित्तीय परिसुचकहरु : पूँजी, कुल कर्जा, बक्यौता कर्जा रकम, निष्कृय कर्जा अनुपात, कुल निक्षेप, तरलता/निक्षेप अनुपात ।

(ग) संस्था समस्याग्रस्त हुनाको कारणहरु ।

(घ) संस्था सुधारको सम्वन्धमा विद्यमान कानूनी व्यवस्थाहरु ।

(ङ) स्थलगत निरीक्षण वा गैर-स्थलगत सुपरिवेक्षणका क्रममा दिइएका निर्देशनहरुको कार्यान्वयन अवस्था ।

(च) व्यवस्थापन नियन्त्रण तथा शिघ्र सुधारात्मक कारवाहीको अवस्था ।

(छ) संस्थाको सुधार सम्वन्धमा हालसम्मको प्रगति र आगामी दिनमा चाल्नु पर्ने कदमहरु ।

(ज) अन्य विषयहरु ।

# अनुसूची – २
## विनियमावलीको विनियम २४ सँग सम्बन्धित

| समस्याग्रस्त संस्थाको रिजोलुसनसंग सम्वन्धित कार्यहरुको अख्तियारी | | |
|---|---|---|
| **सि.नं.** | **विषय/शीर्षक** | **स्वीकृत गर्ने अख्तियारी** |
| १. | संस्थालाई समस्याग्रस्त अवस्थाबाट फुकुवा गर्ने | संचालक समिति |
| २. | संस्थालाई विघटन/फरफारकमा लैजाने निर्णय गर्ने | संचालक समिति |
| ३. | संस्था गाभ्न वा गाभिन वा प्राप्तीको लागि अनुमति प्रदान गर्ने/ निर्देशन दिने | संचालक समिति |
| ४. | वित्तीय प्रणालीको लागि महत्वपूर्ण संस्थामा पूँजी लगानी गर्न नेपाल सरकारमा सिफारिस गर्ने तथा व्यवस्थापन नियन्त्रणमा लिने | संचालक समिति |
| ५. | व्यवस्थापन समूह वा फरफारक अधिकारीको नियुक्ति गर्ने, फिर्ता वोलाउने वा हटाउने | गभर्नर |
| ६. | संस्था, संस्थाका संचालक, प्रमुख कार्यकारी अधिकृतलाई थप कारवाही गर्ने, परिवर्तन गर्ने वा हटाउने | गभर्नर |
| ७. | संस्थाको संचालक, कार्यकारी प्रमुख वा अन्य पदाधिकारीलाई सचेत गराउने | गभर्नर |
| ८. | व्यवस्थापन विज्ञको योग्यता र अनुभव तोक्ने | गभर्नर |
| ९. | संचालक, संस्थापकको शेयर खरिद बिक्रीको स्वीकृति प्रदान गर्ने | गभर्नर |
| १०. | संस्थाको चल अचल सम्पत्ति र दायित्व खरिद/बिक्री/हस्तान्तरणको स्वीकृति प्रदान गर्ने | गभर्नर |
| ११. | संस्थाको प्रमुख कार्यकारी अधिकृतको नियुक्ति/पदावधि थप गर्न स्वीकृति दिने | गभर्नर |
| १२. | व्यवस्थापन विज्ञको सूची स्वीकृत गर्ने | डेपुटी गभर्नर |
| १३. | समस्याको प्रकृतिको आधारमा संस्थालाई आवश्यकता अनुसार थप निर्देशन दिने | डेपुटी गभर्नर |
| १४. | करार वा ज्यालादारीमा अन्य कर्मचारी नियुक्त गर्न स्वीकृति दिने | डेपुटी गभर्नर |
| १५. | संचालक, प्रमुख कार्यकारी अधिकृत र अन्य सम्बन्धित पदाधिकारीसंग छलफल गर्ने, लिखित वा मौखिक जानकारी, विवरण वा सूचना माग गर्ने | महाशाखा प्रमुख |
| १६. | आवधिक प्रतिवेदन वा अन्य प्रस्ताव तयार गरी रिजोलुसन समितिमा पेश गर्ने | महाशाखा प्रमुख |
| १७. | विभिन्न निकाय वा पदाधिकारीसंग आवश्यक पत्राचार गर्ने, समन्वय गर्ने र सम्बेदनशील विषयसंग सम्वन्धित अभिलेख राख्ने वा राख्न लगाउने | महाशाखा प्रमुख |
| १८. | स्थलगत वा विशेष निरीक्षण, गैर-स्थलगत सुपरिवेक्षण र अनुगमन गर्ने/गराउने | महाशाखा प्रमुख |
| १९. | नियमित, आवधिक वा थप सूचना, जानकारी वा विवरण माग गर्ने | महाशाखा प्रमुख |